नेपाल सरकार
गृह मन्त्रालय
अध्यागमन विभाग
अध्यागमन कार्यालय
त्रि.अ. विमानस्थल

# विज्ञप्ति

आज मिति २०७८।११।८ गते विहान ९:३० बजे श्रीमान् गृह सचिव टेक नारायण पाण्डेज्यूबाट एक कार्यक्रमका बिच अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचर, काठमाण्डौमा QR Code सहितको System Generated Visa जारी गर्ने कार्यक्रमको उद्घाटन गर्नुभयो । विगतमा हस्तलिखित भिसा स्टिकर टाँस गरी भिसा जारी भैरहेकोमा आजको मितिबाट System Generated Visa लागू भई भिसाको आधिकारिकता जाँच QR Code बाट अनलाइन नै गर्न सकिने भई भिसाको विश्वसनियताका साथै अध्यागमनको कार्यकुशलतामा अभिबृद्धि हुने अपेक्षा गरिएको छ ।

उक्त कार्यक्रममा गृह मन्त्रालय, शान्ति सुरक्षा महाशाखा प्रमुख समेत रहेका सहसचिव श्री फणिन्द्रमणी पोखरेल, अध्यागमन विभागका महानिर्देशक श्री नारायण प्रसाद भट्टराई, अध्यागमन कार्यालय त्रि.अ.वि. का प्रमुख अध्यागमन अधिकृत श्री पुष्पराज शाही, बरिष्ठ अध्यागमन अधिकृत, अध्यागमन अधिकृत एवं अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा समन्वय समितिका सदस्यहरुको उपस्थिति रहेको थियो ।

गृह मन्त्रालयले गृह प्रशासन सुधार अन्तर्गत अध्यागमन प्रशासनको कार्य प्रणाली र कार्य संस्कृति सुधार पनि मुख्य केन्द्रविन्दुमा राख्दै आएको छ । यसका लागि अध्यागमन विभागले देशभरका अध्यागमन कार्यालयहरुमा QR Code सहित System Generated Visa लागू गर्ने र कार्यप्रणालीलाई विश्वसनिय, सरल, सुरक्षित र छरितो बनाउन तयारी विगतदेखि नै गरिरहेको थियो । यसका लागि पहिलो चरणमा अध्यागमन विभागले त्रि.अ.वि. अध्यागमन कार्यालयमा System Generated Visa लागू गर्न गृह सचिवज्यूबाट विधिवत् उद्घाटन भएको थियो । गृह सचिवज्यूबाट System Generated Visa उद्घाटन समारोहमा मन्जिल पुनलाई पहिलो भिसा हस्तान्तरण गर्नु भएको थियो। अब उप्रान्त देशभरका अध्यागमन कार्यालयले यो System Generated Visa लागू गर्ने र अध्यागमन प्रशासनलाई आधुनिकीकरण गर्ने प्रक्रियाको महत्वपूर्ण शुरुवात भएको विषय अध्यागमन विभागका महानिर्देशक नारायण प्रसाद भट्टराईले उद्घाटनको कार्यक्रमको प्रस्तुतिकरणमा जानकारी दिनु भएको छ । कार्यक्रमको पहिलो सत्रमा उक्त भिसाको बारेमा जानकारी दिने र दोस्रो सत्रमा QR Code सहित System Generated Visa को digitally उद्घाटन गर्ने कार्यक्रम गृह सचिवज्यूबाट सम्पन्न भएको थियो ।

Government of Nepal
Ministry of Home Affairs
Department of Immigration
Immi... Office
Tri... ...ort

मिति २०७८।११।८

खेमराज उपाध्याय
सूचना अधिकारी

Scanned with CamScanner